राइनास नगरपालिका बाट आर्थिक वर्ष २०८३/०८४ मा औषधि तथा सर्जिकल सामाग्री खरिदका लागि प्रकाशित यो दरभाउपत्रको सूचनाका विशेष शर्तहरु निम्नानुसार छन ।यि शर्तहरु दरभाउपत्र सम्बन्धी कागजातको अभिन्न अंगका रुपमा रहने व्यहोरा यो सिलबन्दी दरभाउ पत्रमा दरभाउपत्र पेश गर्ने सबै दरभाउपत्र दातालाई जानकारीका लागि अनुरोध छ।

१. आपुर्तिकर्ताले WHO, GMP प्राप्त कम्पनिहरुबाट उत्पादित DDA बाट स्वीकृत प्राप्त औषधीहरु मात्र आपुर्ति गर्नुपर्नेछ।

२. विदेशी औषधीहरुको हकमा विश्व स्वास्थ्य संगठनबाट कुशल उत्पादन प्रकिया कागजको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ र उक्त औषधीहरुको औषधी व्यवस्था विभागबाट पैठारी सिफारिस पत्रको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ।

३.आपूर्तिकर्ताले आपूर्ति गर्ने औषधीहरु उत्पादन गर्ने कम्पनीको नाम उल्लेख गर्नुपर्नेछ ।

४. आपूर्ति गर्ने औषधीको मान्य अवधि मिति (expiry date) स्टोर दाखिला भएको दिनबाट कम्तिमा १८ महिना बाँकी भएको हुनुपर्नेछ र १८ महिना भन्दा कम expiry date भएको औषधीको हकमा स्टोर दाखिला मितिले ७५% म्याद बाँकी हुनुपर्नेछ ।

५. आपूर्ति हुने औषधीहरुको स्ट्रीप, बोटल र बाहिरी खोलको प्रत्येक प्याकिङ बाहिर उत्पादन मिति, expiry date, तथा ब्याच नं. र अधिकतम खुदा विक्रि मुल्य (MRP) उल्लेख भएको हुनुपर्नेछ ।

६. दरभाउपत्रको आइटम वाइज मूल्याकन नगरी एकमुष्ठका दरका आधारमा मुल्याकन गरिनेछ।

७. दरभाउपत्र स्वीकृत भई यस कार्यालयले तोकेको अवधि भित्र Delivery schedule मा उल्लेख भए अनुसार औषधी उपलब्ध गराउनु पर्नेछ । आपूर्ति गर्ने औषधीहरुको केही अंश वा सम्पूर्ण औषधी बुझाउन नसकेमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम कारवाही हुनेछ ।

स्वास्थ्य शाखा प्रमुख

८. दरभाउपत्र स्वीकृती पश्चात कुनै कारणवश वजारमा औषधीको अभाव GMP Certificate को म्याद समाप्त वा अन्य कारणहरुले गर्दा दरभाउपत्रमा कबुल गरिए बमोजिमको आईटम सप्लाई गर्न नसकेमा सोको कारण कार्यालयलाई मनासिव लागेमा सम्बन्धित आईटमको लागत कट्टी गरि आईटमहरुको भुक्तानी गर्न सकिनेछ।

९.दरभाउपत्र दाताले EGP मार्फत पेश गरेको दरभाउपत्रको सबै Item हरुमा VAT जोडी कुल कवोल अंक उल्लेख हुने भएता पनि कार्यालय र दरभाउपत्र दाता विच सम्झौता गर्दा VAT लाग्ने Item हरुको मात्र VAT जोडी कुल सम्झौता रकम कायम गरी सोही अनुसार भुक्तानी हुनेछ ।

१०. यो सूचनामा उल्लेख नभएको अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ।

स्वास्थ्य शाखा प्रमुख